कम्पनी दर्ता नं. : ८००/२०५८/५९
ने.रा. बैंक इजाजत नं. : घ/३/२०६२/६३

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

च.नं. १३७/०७८/०७९

मिति : २०७८/०८/२७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस छिमेक लघुवित्त वित्तीय संस्था लि. को मिति २०७८/०८/२६ गते आईतबार दिनको ३ :३० बजे वसेको सञ्चालक समितिको २६९औं बैठकले यस वित्तीय संस्थाको २०औं वार्षिक साधारण सभा मिति २०७८ पौष २३ गते शुक्रबारका दिन विहान ११:०० बजे हेटौंडा-४, मकवानपुर स्थित होटल सामनामा गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराईन्छ । उक्त वार्षिक साधारण सभामा निर्णयार्थ प्रस्ताव गरिएका एजेण्डाहरु यसै साथ संलग्न गरिएको छ। साथै, उक्त वार्षिक साधारण सभा प्रयोजनका लागी यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताव देहाय बमोजिम बन्द रहने हुँदा सोही बमोजिम आवश्यक सहयोगको लागी अनुरोध गर्दछौं ।

**शेयरधनी दर्ता किताब बन्द रहने :**

२०औं बार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजको काम **मिति : २०७८/०९/०७ गते देखि २०७८/०९/२३ गतेसम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात मिति २०७८/०९/०६ गतेसम्म** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन तथा लाभांश प्राप्त गर्न योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

**संलग्न :**

मिति : २०७८/०९/२७ गते राष्ट्रिय दैनिक पत्रिका कारोबारमा प्रकाशित सुचनाको प्रतिलिपी ।

**बोधार्थ :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय., त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौ ।
४. श्री एनएमबी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ ।

भवदीय,

दिलिप कुमार श्रेष्ठ
कम्पनी सचिव

